म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९१ सोमबार २० कात्तिक २०८० ने. सं. ११४३ कौलागा 6 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

होसियारीपूर्वक कारोबार गरौं, कानूनी कारवाहीबाट बचौं

☞रकम नभएको खाताको चेक जारी नगरौं,
☞खातामा रकम भएको सुनिश्चित गरेरमात्र चेक जारी गरौं,
☞खाली चेकमा हस्ताक्षर नगरौं,
☞तमसुक वा धरौटीको रुपमा चेकलाई प्रयोग नगरौं,
☞गैरकानूनी लेनदेन नगरौं ।
चेक जारी गर्दा होशियारी अपनाऔं, कानूनी कारबाहीबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीको सत्ता गठबन्धनमै भागबण्डा नमिल्दा संसदीय समिति नेतृत्वविहीन

निशा गुरुङ

हेटौंडा, १९ कात्तिक/ बागमती प्रदेशसभाका ५ वटा संसदीय समिति अझै नेतृत्वविहीन छ । प्रदेशसभाको निर्वाचन भएको १० महिना भइसक्दा पनि 'मिनि संसद' भनिने संसदीय समितिहरु नेतृत्वविहीन अवस्थामा छन् ।

सत्तारुढ गठबन्धनमा समितिमा सभापतिको भागबण्डामा सहमति जुट्न नसक्दा बागमती प्रदेशसभाका संसदीय समितिहरु ज्येष्ठ सदस्यहरुले चलाइरहेका छन् । सत्ता गठबन्धनले संसदीय समितिको नेतृत्व चयन गर्न अझै सहमति जुटाउन सकेको छैन । गठबन्धनको आन्तरिक विवाद र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका कारणसमेत समिति गठन भएपनि नेतृत्व चयन हुन नसकेको हो । २०७९ पुस १८ गते प्रदेशसभाको पहिलो बैठक बसेको थियो । तर, हालसम्म पनि संसदीय समितिहरुले नेतृत्व पाउन नसकेका हुन् ।

समितिले पूर्णता नपाउँदा सत्तापक्षकै सांसदले समेत असन्तुष्टि जनाउँदै आएका छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले माघ २३ गते प्रदेशसभा बैठकबाटै संसदीय समिति गठनको प्रयास गरेको थियो । तर, सरकारलाई समर्थन गरेका दलको दाबीअनुसार भाग नपुग्ने भएपछि यस विषयलाई रोकिएको हो । सत्तारुढ र मुख्य प्रतिपक्षी दलबीच विषयगत समितिमा भागबण्डा नमिल्दा अहिलेसम्म सभापति चयन हुन सकेका छैनन् । सभापति चयन नहुँदा समितिले विधेयकमाथि छलफल गर्न सकेको छैन ।



बागमती प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा समिति, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गरी पाँचवटा संसदीय समिति रहेका छन् । प्रदेशसभाका पाँचवटा समितिमा सबै दलको प्रतिनिधित्व हुने गरी कूल ९६ जना सांसदलाई समितिको सदस्य बनाइएको छ । जसअनुसार ४ वटा समितिमा १९ जना र एक समितिमा २० सदस्य रहेका छन् । समितिका सदस्यहरुबाट निर्वाचन गरी एकजना सभापति चुनिने छन् । सत्तारुढ र विपक्षी दलबीच कुरा नमिल्दा नेतृत्व चयनको विषय ओझेलमा परिरहेको छ ।

सत्तारुढ गठबन्धन दलहरुबीचमा नै भागबण्डा नमिलेको अवस्थामा विपक्षी एमालेले संसदीय समितिहरुमा हुने निर्णयलाई प्रभावकारी बनाउन र सबै पक्षले अपनत्व महशुस गर्ने वातावरणका लागि पनि सत्तारुढभन्दा विपक्षी दललाई समितिको नेतृत्व दिँदा राम्रो हुने बताइरहेको छ । ज्येष्ठ सदस्यको अध्यक्षतामा समितिहरुको बैठक बस्न सुरु भइसकेको छ । तर, एजेण्डा स्थापित हुने गरी भने बैठकहरु बस्न सकेका छैनन् । संसदीय समितिहरुको नेतृत्व चयनमा ढिलाइ हुँदा समितिहरुले खास एजेन्डामा छलफल गर्न सकेका छैनन् ।

सरकारको कामलाई व्यवस्थित बनाउन भूमिका खेल्नुपर्ने संसदीय समिति चलायमान हुन नसक्नु सरकारकै कमजोरीको रुपमा हेरिएको छ । संसदीय समिति गठन नहुँदै प्रदेशसभाले नियम निलम्बन गरेर ४ वटा विधेयक पारित गरिसकेको छ । जसमध्ये ३ वटा विधेयक प्रमाणीकरण भई लागू भएका छन् भने एउटा विधेयक त्रुटीपूर्ण देखिएपछि प्रमाणीकरण हुन नसकी प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट फिर्ता भएको छ । भागबण्डा नमिलेर लामो समयसम्म संसदीय समितिको नेतृत्व चयन गर्न नसकेपछि पछिल्लो समय संसदीय समितिको संख्या बढाएर भए पनि दलहरुबीच भागबण्डा मिलाउने गरी छलफल सुरु भएको छ ।

दलहरुबीच भागबण्डा मिलाउन संसदीय समिति बढाएर सभापति चयन गर्ने चर्चा सुरु भएको हो । प्रदेशका एकजना मन्त्रीका अनुसार प्रदेशसभाको संसदीय समितिमा सबैभन्दा ठूलो दलको हैसियतले नेपाली कांग्रेस र सरकारको नेतृत्व गरिरहेको दल नेकपा माओवादी केन्द्रले २/२ वटा समितिको सभापतिमा दाबी गरेको छ । नेकपा एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टीले १/१ वटा समितिको सभापतिमा दाबी गर्दै आएका छन् । प्रमुख प्रतिपक्ष दल एमालेले सबै संसदीय समितिको सभापति विपक्षी दलहरुले पाउनुपर्ने माग गरेको छ ।

प्रतिपक्ष दल राप्रपाले पनि संसदीय समितिमा दाबी गरेको छ । राप्रपाले सहमतिका आधारमा एउटा समितिको नेतृत्व माग गरिरहेको सत्तारुढ दलका एक सांसदले जानकारी दिए । नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया सरकारको कारण संसदीय समिति नेतृत्वविहीन अवस्थामा रहेको बताए । सत्तारुढ दलहरुबीचमा नै समितिको भागबण्डामा विवाद रहेको र सरकारले उक्त विवाद मिलाउन नसक्दा समितिहरुको नेतृत्व चयन हुन नसकेको थपलियाले बताए । उनले सरकार सत्तापक्षको हुने भएकोले संसद प्रतिपक्षलाई छोड्नुपर्ने बताए ।

सरकारको खबरदारी गर्ने काम समितिले गर्ने हुँदा सबै समितिको नेतृत्व प्रतिपक्षले गर्नुपर्ने उनको भनाइ छ । सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलहरुले संसदीय समितिमा दाबी गर्दा समितिको सभापतिको चयन हुन नसकेको बताए । सबै दलहरुको सहमतिमा नेतृत्व चयन गर्ने प्रयासमा सरकार रहेको उनको भनाइ छ । उनले दलहरुबीच भागबण्डा मिलाउन समितिको संख्या बढाउने विषयमा औपचारिक रुपमा हालसम्म कुनै छलफल नभएको बताए ।

# माओवादीकै नेतृत्वमा व्यवस्था परिवर्तन भयोः मोक्तान



हेटौंडा, १९ कात्तिक/ माओवादी आन्दोलनसँगै लामो संघर्षबाट राज्य व्यवस्थामा परिवर्तन आएको नेकपा (माओवादी केन्द्र) की केन्द्रीय सदस्य तथा मकवानपुर ईञ्चार्ज कुमारी मोक्तानले बताएकी छन् ।

आइतबार नेकपा ( माओबादी केन्द्र) जनतासँग माओवादी विशेष रुपान्तरण अभियानअन्तर्गत् भएको थाहा नगरपालिका वडा नम्बर-५ को सम्मेलनलाई सम्बोधन गर्दै मोक्तानले परिवर्तनपश्चात् प्राप्त उपलब्धिलाई संस्थागत गर्न पनि माओवादीको महत्वपूर्ण भूमिका हुने बताइन् । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रीसमेत रहेकी मोक्तानले जनभावना अनुसारको बिकासका लागि गुरुयोजनासहितको योजना बनाउन आग्रह गरिन् ।

मन्त्री मोक्तानले थाहा नगरपालिकाको विकासका लागि आफू प्रतिबद्ध रहेको विश्वास दिलाइन् । यसैबीच सम्मेलनले थाहा नगरपालिका वडा नम्बर ५ मा निमेष महर्जनको अध्यक्षतामा २९ सदस्यीय वडा कमिटी चयन गरेको छ । कमिटीको उपाध्यक्षमा अजय गुरुङ, बिरमान थिङ र रहरबहादुर घलान, सचिवमा श्रीकृष्ण लामा, सहसचिवमा विक्रम थिङ र कोषाध्यक्षमा रघुनाथ वाइबा चयन भए । माओवादी केन्द्र वडा नम्बर -५ का अध्यक्ष जगन्नाथ वाइवाको सभाध्यक्षतामा भएको सम्मेलनमा माओवादी केन्द्रका उपत्यका विशेष कमिटी उपाध्यक्ष तथा ३ महिने अभियानअन्तर्गत् थाहा नगर कमान्डर प्रकाशचन्द्र पाण्डेको विशेष आतिथ्यता रहेको थियो ।

यसैगरी, सम्मेलनमा माओवादी केन्द्र बागमती प्रदेश कमिटी सदस्य इन्द्रबहादुर श्रेष्ठ, पार्टी थाहा नगर अध्यक्ष बिनोदकुमार लामा, अभियानका वडा नम्बर-५ का कमान्डर अरुण रायमाझी, वाइसीएल थाहा नगर अध्यक्ष मानसिंह दोङलगायतका माओवादी नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# प्रदेश प्रमुख शर्माद्वारा समवेदना व्यक्त

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले दुई पहाडी जिल्ला जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पमा परी मृत्यु भएकाहरुको परिवारजनमा समवेदान व्यक्त गरेका छन् ।

शर्माले गत शुक्रबार आएको विनासकारी भूकम्पमा दिवंगत भएकाहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गरेका हुन् । प्रदेश प्रमुख शर्माले शुक्रबार राति जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्रबिन्दु भएर ६ दशमलव ४ म्याग्निच्यूडको भूकम्पले पारेको क्षतिका सन्दर्भमा आइतबार प्रेस विज्ञप्ति जारी गर्दै श्रद्धाञ्जली तथा समवेदना व्यक्त गरेका हुन् ।



प्रमुख शर्माले यस घटनाले पुऱ्याएको अपूरणीय क्षतिका कारण सिंगो देश नै स्तब्ध भएको उल्लेख गरेका छन् । घटनाले आफू अत्यन्त मर्माहत भएको उनको विज्ञप्तिमा उल्लेख छ । 'भूकम्पबाट पुगेको ठूलो मानवीय तथा भौतिक क्षतिको खबरले मलाई अत्यन्त मर्माहत तुल्याएको छ ।', शर्माले भने, 'विशेषगरी पश्चिम नेपालको दुई पहाडी जिल्ला जाजरकोट र रुकुम पश्चिममा यस घटनाले पुऱ्याएको अपूरणीय क्षतिका कारण सिंगो देश स्तब्ध भएको छ ।',

प्रदेश प्रमुख शर्माले घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै भूकम्प प्रभावित क्षेत्रमा प्रभावकारी खोज, उद्दार, स्वास्थ्योपचार तथा राहतको काममा जुट्न सरकारलगायत सम्बन्धित पक्षलाई अपील गरेका छन । साथै यस्ता प्रकोपपछि उत्पन्न हुनसक्ने माहामारीप्रति सजग, सचेत र उद्धारको तयारीका लागि समेत सबैसँग प्रमुख शर्माले आग्रह गरेका छन् ।

# लागूऔषध ओसारपसारको आरोपमा चार जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले दुई फरक स्थानबाट लागूऔषध ओसारपसारको आरोपमा ४ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले गाँजासहित ३ जना र कोठामा लागूऔषध राखेर ओसारपसार गरिरहेको आरोपमा एक जनालाई पक्राउ गरेको हो । प्रहरीले हेटौँडा उपमहानगरपालिका वडा नम्बर-१५, स्थित रातोमाटे चेकपोष्टबाट ३ जनालाई पक्राउ गरेको हो । हेटौँडाबाट बिरगंजतर्फ जादै गरेको ना. ४ ख ५९२२ नम्बर को यात्रुवाहक बसलाई रोकी जाँच गर्ने क्रममा ९ किलो ९ सय ८० ग्राम गाँजासहित मनहरी गाउँपालिका वडा नम्बर-८ का १९ वर्षीय दिपक मुक्तान, ५० वर्षीय बुद्धिमान मुक्तान र ४० वर्षीय मंगलसिं थोकरलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

यसैगरी, हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुर बाट लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही वडा डेरा गरी बस्ने २१ वर्षीय सन्तेन लामा छन् । विशेष सूचनाको आधारमा प्रहरी चौकी लेवटबाट खटिएको टोलीले गत शनिबार राति १० बजेको समयमा लामाको कोठामा छापा मारेको थियो । उनको कोठाबाट लागूऔषध स्टेगन ४७ पत्ता १७ ट्याब्लेट, ट्रामाडोल १४ पत्ता २ ट्याब्लेटसहित नगद १५ हजार दुई सय रुपैयाँ र मोबाइल बरामद गरिएको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# मार्क्सवाद अध्ययन प्रतिष्ठानमा मकवानपुरका दुई जना


हेटौंडा, १९ कात्तिक/ मार्क्सवादी अध्ययन प्रतिष्ठान नेपालको तेस्रो राष्ट्रिय साधारणसभा तथा सम्मेलनले मकवानपुरका दुई जनालाई केन्द्रीय समितिमा चयन गरेको छ ।

काठमाडौंको प्रज्ञा भवनमा भएको सम्मेलनले आगामी २ वर्षे कार्यकालको लागि दिनेश चौलागाईको अध्यक्षतामा २३ सदस्यीय केन्द्रीय समितिको चयन गरेको हो । समितिको उपाध्यक्षमा श्रीराम खाईजु, महासचिवमा मकवानपुरका प्रल्हाद लामिछाने, कोषाध्यक्षमा रमा बोहरा चयन भए । लामिछाने संविधानसभा सदस्यसमेत हुन् । प्रतिष्ठानको सदस्यहरुमा मकवानपुरका राजकुमार केसी, विष्णुकुमार श्रेष्ठ, गोमा बास्तोला, रामजी आचार्य, पिताम्बर चौलागाई, संगिता श्रेष्ठ, गुणखर भट्टराईलगायत छन् ।

प्रतिष्ठानले मार्क्सवादी विश्वविद्यालय स्थापना गर्ने र विद्यालय तहमा कक्षा ३ देखि १२ सम्म नैतिक शिक्षा, भ्रष्टाचार निवारण शिक्षा र व्यवशायिक शिक्षा अनिवार्य अध्ययन गर्न गराउन पहल गर्ने अध्यक्ष दिनेश चौलागाईले बताए । प्रतिष्ठानले मार्क्सवादी अध्ययन, अनुसन्धान, बहस, अन्तरक्रिया, छलफललगायतको गतिविधि सञ्चालन गर्ने चौलागाईले बताए । महासचिव लामिछानेले सातै प्रदेशमा प्रदेशस्तरको कमिटी बनाएर प्रतिष्ठानको गतिविधि सातै प्रदेशमा अगाडि बढाउने बताए ।

संविधानसभा सदस्य तथा संविधान मस्यौदा समितिका संयोजक खिमलाल देवकोटाको प्रमुख आतिथ्यतामा भएको साधारणसभा उद्घाटनमा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य लोकप्रसाद भुर्तेल, भोला सापकोटा, सल्लाहकार बुद्धिमान तामाङ, नेसपाका केन्द्रीय सचिव ईश्वर रिजाल, राजनैतिक विश्लेषक सुभाष पोखरेल, दिनेश शर्मा, प्रधानता मासिकका प्रधान सम्पादक पविर्तन भट्टराईलगायतको आतिथ्यता रहेको थियो ।

आयो है तिहार बम्पर अफर !
मासु प्रतिकेजी रू. ३००।-
शुभ दीपावली (तिहार)को अवसरमा चिकेन हाउस सगौरव प्रस्तुत गर्दछ:
कुखुराको मासु रू.३००।- प्रतिकेजी मात्र ।
साथै
१० केजी मासु खरिदमा १ क्रेट अण्डा सितैमा
५ केजीभन्दा माथिको खरिदमा निःशुल्क होम डेलिभरी सुविधा
यही २०८० कात्तिक १९ देखि २९ गतेसम्म




चिकेन हाउस
हेटौंडा-४, पारिजातपथ, ९८०११२१८३२, ९८५५०७९७४७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालविवाहमुक्त बनाउन लागौं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक २१ गते मंगलबार, ७ नोभेम्बर २०२४ ।दशमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१९, सूर्यास्त ५:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बादविवाद बढ्ने | तुला | : चिन्ता बढ्ने |
| वृष | : घरेलु काममा रुचि | वृश्चिक | : मान मर्यादामा वृद्धि |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : लेनदेनको विवाद बढ्ने |
| कर्कट | : कुरा काट्नेहरु सक्रियता | मकर | : स्वास्थ्यमा सुधार हुने |
| सिंह | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | : अध्ययनमा प्रगति हुने |
| कन्या | : अरुको विश्वास जित्न सकिने | मीन | : रोग एवम् चिन्ता बढ्ने |

# ‘सतह नजिकका भूकम्पहरू झनै जोखिमपूर्ण हुन्छन्’



✍डा. शिव सुवेदी

जाजरकोटमा शुक्रबार राति गएको भूकम्प अरूको परकम्प नभई नयाँ भूकम्प हो । केही समयअघिको बझाङको र यो भूकम्पको आफैंमा प्रत्यक्ष सम्बन्ध देखिँदैन । २०७२ सालमा गोरखाको बारपाक केन्द्र रहेको ७.८ को भूकम्पको केही सातामै सिन्धुपाल्चोकलाई केन्द्र बनाएको ७.३ म्याग्निच्युडको भूकम्प गयो । ती दुईबीचको सम्बन्धबारे पनि बहस भएको थियो ।

भूकम्पमा कुन मुख्य कम्प र कुन परकम्प हो भन्ने सवालमा दुई विषयमा निर्क्योल गर्छौं । मुख्य कम्पन भएर त्यो क्षेत्रमा गएका अरू कम्पहरूलाई परकम्प भन्ने गरिन्छ । परकम्प हुनका लागि मूल भूकम्प भएको ठाउँमा नै धम्का दिएको हुनुपर्छ र त्यो मुख्य कम्पभन्दा एक म्याग्निच्युड कम भएमा त्यसलाई परकम्प भन्ने गरिन्छ ।

बझाङमा ६.३ को भूकम्प गएपछि ५.२ का धेरै परकम्प गए । मुख्य कम्पनपछि परकम्पहरू सयौं, हजारौं हुनसक्छन् । कुनै कम्पन मूल भूकम्प हो कि परकम्प हो भनेर निर्क्योल गर्ने दुईवटा आधार हुन्छन् । पहिलो, मुख्य भूकम्प भएको क्षेत्र (रप्चर) आसपास गएको र एक यूनिट म्याग्निच्युड कम भएमा त्यसलाई परकम्प भन्ने गरिन्छ ।

सिन्धुपाल्चोकको भूकम्प आफैंमा परकम्प हो कि होइन भन्नेबारेमा हामीबीच नै मतभेद भयो । बारपाक भूकम्पको रप्चर पूर्वतिर गयो, त्यसले अर्को भूकम्प ट्रिगर गर्‍यो र त्यो अर्को भूकम्प थियो भन्ने हाम्रो निष्कर्ष भयो ।

### पश्चिम नेपालको जोखिम

बझाङ र जाजरकोटका कम्पनहरू साना खालका भूकम्प हुन् । बारपाकभन्दा पश्चिममा भूकम्पको इतिहास हेर्ने हो भने विक्रम संवत् १५०५ पछि त्यता ठूलो भूकम्प आएको छैन । भूकम्पविद्हरूको मत अनुसार भारतीय प्लेट हरेक वर्ष २ सेन्टिमिटरका दरले तिब्बततिरको प्लेटमुनि धसिँदै गएको छ । करिब ५०० वर्षको इतिहास हेर्दा करिब १० मिटर जमिन सरिसकेको छ । १० मिटर सरेकाले जमिनमुनि जति शक्तिसञ्चय भएको छ, त्यो ‘रिलिज’ हुन बाँकी छ । त्यही शक्ति रिलिज हुने क्रममा कहिले बझाङ त कहिले जाजरकोटमा भूकम्प गइरहेका छन् । भूकम्पले भौतिक संरचनाहरूको क्षति गर्नुमा म्याग्निच्युड (हामीले यति रेक्टर स्केलको भन्ने गर्छौं) मात्रै आफैंमा एक्लो र पर्याप्त कारण होइन ।

म्याग्निच्युडले भूकम्पका क्रममा कति शक्ति ‘रिलिज’ भयो भन्ने मापन त गर्छ तर मापन (गणना) सबै ठाउँको लागि एउटै नै हुन्छ । तर कस्ता खालको जमिनमा, कस्तो खालको झट्का गएको छ, त्यो आधारमा क्षतिको आकलन हुन्छ । कत्तिको शक्तिशाली वा कमजोर रूपमा हल्लायो भन्ने आधार पनि हुन्छ । जमिनमुनि कति गहिराइमा भूकम्प गएको छ भन्ने आधारमा पनि क्षतिको मापन हुन्छ । जति गहिराइमा भूकम्प गयो, त्यति कम क्षति हुन्छ । जमिनमुनिको संरचनाले पनि यसलाई तय गर्छ । बझाङ र जाजरकोटमै पनि जमिनमुनिको संरचना फरक हुनसक्छ ।

काठमाडौंकै उदाहरण हेर्ने हो भने यहाँ करिब ७००/८०० मिटरसम्म बाक्लो दलदले बलौटे माटोको धाप छ । त्यही भूकम्प अन्यत्रको तुलनामा काठमाडौंमा आयो भने यहाँ बढी क्षति हुनसक्छ । कुन रूपमा हल्लिन्छ (जसलाई प्राविधिक भाषामा सेकिङ फ्रिक्वेन्सी भन्ने गरिन्छ), त्यसले पनि क्षतिलाई प्रभाव पार्छ । कम्पन जमिनको सतहमा आइपुग्दा कसरी हल्लाउँछ, कति समय हल्लाउँछ भन्ने आधारमा पनि क्षतिको मात्रा थाहा हुन्छ । रप्चरले लिएको दिशाका आधारमा पनि क्षतिको मात्रा भर पर्छ ।

### एमसीएच अर्थात् मेन हिमालयन सर्च

जाजरकोटको भूकम्पलाई ‘स्यालो अर्थक्वेक’ पनि भन्न सकिन्छ । किनभने जमिनभन्दा १४ किलोमिटर तल मात्रै भूकम्पको केन्द्रविन्दु हो । हिमालय रेञ्जका ९० प्रतिशतभन्दा बढी भूकम्पहरू जमिनदेखि १० देखि २० किलोमिटर भित्रमै गएका हुन्छन् । तिब्बतीय र भारतीय प्लेटको घर्षण भएको बिन्दु नै २० किलोमिटरभित्रको क्षेत्रमा पर्छ । त्यसलाई हामीले प्राविधिक भाषामा मेन हिमालयन थ्रष्ट (एमएचटी) भन्ने गर्छौं ।

हिमालयन रेञ्जमा गएका ठूलाठूला भूकम्पहरूको स्रोत एमएचटी नै हो । जाजरकोटको भूकम्प पनि त्यही भित्र (१४ किलोमिटर तल) बाट गएको देखिएको छ । अन्तर्राष्ट्रिय एजेन्सीहरूले बझाङको भूकम्पलाई २० किलोमिटरभन्दा गहिरो भागमा गएको भनेर निष्कर्ष निकालेका छन् । बारपाक भूकम्पको केन्द्रविन्दु जमिनबाट १५ किलोमिटर गहिरो ठाउँमा थियो । त्यसपछिको अर्को ठूलो झट्का पनि त्यही क्षेत्रमा थियो । हिमालय क्षेत्रमा ठूलो स्केलको भूकम्पहरू अरू क्षेत्रमा जाने सम्भावना निकै कम हुन्छ । ७/८ रेक्टर स्केलको भूकम्प जानका लागि ठूलो क्षेत्र रप्चर हुनुपर्छ । त्यसरी रप्चर हुने सम्भावना भएको क्षेत्र ‘मेन हिमालयन थ्रष्ट’ नै हो ।

भूसतहबाट जति गहिराइमा भूकम्प गयो, त्यति नै क्षति कम हुन्छ । जापानमा निकै गहिरो भागमा भूकम्पको केन्द्र बनेको हुन्छ, जहाँ क्षति निकै कम हुन्छ । ५०० किलोमिटर भित्री क्षेत्रमा भूकम्प भयो भने त्यहाँबाट निस्केको शक्ति सतहमा आइपुग्दा निकै कमजोर भइसकेको हुन्छ, जसले स्वत: क्षति कम गर्छ । तर हामीले म्याग्निच्युड भने उति नै गणना गर्छौं । सेकिङ इन्टेन्सिटी (हल्लाउने मात्रा) भने निकै घटिसकेको हुन्छ ।

सन् २००३ मा इरानमा गएको भूकम्प ६.६ रेक्टर स्केलको थियो, जसले ३४ हजार मानिसको ज्यान गयो । चिलीको ९.५ रेक्टर स्केलमा गएको कम्पनलाई हालसम्मकै ठूलो भूकम्प मानिन्छ ।इन्डोनेसियामा सन् २००४ मा गएको भूकम्पमा करिब ३ लाख मानिस मारिए । त्यसैले भूकम्पको क्षतिको एक मात्रै कारण म्याग्निच्युड मात्रै त हुँदैहोइन । ७.८ को बारपाक भूकम्पका कारण हामीले ९ हजारभन्दा बढी मानिस गुमायौं । त्यही म्याग्निच्युडको भूकम्प न्यूजिल्याण्डमा गएको थियो, जसमा २ जनाको मात्रै ज्यान गयो ।

उत्तरमा तिब्बती र दक्षिणमा भारतीय प्लेटको दबाबका कारण हाम्रो हिमालय रेञ्ज जोखिमपूर्ण छ । यो क्षेत्रमा १० देखि २० किलोमिटर को क्षेत्रभित्र नै भूकम्प जाने गरेको छ । त्योभन्दा गहिरो क्षेत्रमा भूकम्प गएर कम क्षति होला कि भनेर आशावादी हुने सम्भावना हाम्रो हिमाली क्षेत्रमा छैन । त्यसैले आवश्यक सतर्कता अपनाउन जरूरी छ ।

### रातिमा भूकम्प जानु दुर्भाग्य

भूकम्पका विषयमा अध्ययन गर्नेहरूले नेपालमा भएका भूकम्पको अध्ययन, स्थलगत निरीक्षण, धाँजा फाटेका ठाउँको अवलोकन गर्दा नेपालमा भएको क्षतिको प्रमुख कारण कमजोर भौतिक संरचना हो । आधाभन्दा बढी घरहरू ढुंगामाटोले बनेका छन् । बझाङ लगायतका केही जिल्लामा हामी घुम्दा ढुंगामा माटो नराखेर फेरि ढुंगा नै थपेर घर बनाएको पनि देखेका थियौं । त्यस्ता घरहरू त झट्का सुरु भएको ५/७ सेकेण्डमै ढल्न थाल्छन् ।

भवन निर्माण संहितालाई हामीले गाउँ तहमा पुर्‍याउन सकेनौं । भूकम्प प्रतिरोधी संरचना बनाउँदा अरूको तुलनामा दोब्बर पनि पर्दैन । तर, मानिसहरूले त्यसमा चासो नै दिएनन् । स्थानीय सरकारहरूले पनि भवन संहिता लागू गर्न र कडाइका साथ त्यसको पालना गराउन सकेनन् । त्यस खालको प्राविधिक जनशक्ति पनि भएन ।

भूकम्पपछि जाजरकोट र रुकुममा भत्किएका संरचनाको फोटो र भिडियो हेर्ने हो भने कमजोर संरचनाका कारण नै क्षति भएको सहजै बुझ्न सकिन्छ । अर्को दृष्टिकोणबाट हेर्दा यो भूकम्पलाई ‘दुर्भाग्यपूर्ण भूकम्प’ भन्न सकिन्छ । त्यसको तुलनामा बरु बझाङको भूकम्प ठिकै थियो । बझाङमा ६.३ रेक्टर स्केलको भूकम्प जानुभन्दा २५ मिनेट पहिले ५.३ रेक्टर स्केलको पहिलो भूकम्प आएको थियो । त्यसले मानिसहरूलाई सतर्क गरायो । स्कूलमा बसेकाहरू चौरमा निस्के, घरमा रहेकाहरूले बाहिर खुला ठाउँ खोजे । त्यसको आधा घण्टामा ठूलो भूकम्प आयो, घर भत्कियो, तर मान्छे बाहिर भएकाले मानवीय क्षति कम भयो । बझाङमा पनि १४ हजार घर भत्केका छन् ।

अहिले जाजरकोटमा कति घर भत्किए, ढिलोचाँडो रिपोर्ट आउला । तर तुलनात्मक रूपमा धेरै मानिस गुमाउनुपर्‍यो । मानिसहरू सबै सुतेको बेला मध्यरातमा आएको भूकम्पले धेरै क्षति भयो । उनीहरू भाग्ने र फुत्किने उपाय भएन । त्यत्तिको मझौला भूकम्पमा, त्यो खालका घरहरूमा रहेका बेला भूकम्प आएपछि भाग्न र जोगिन मुस्किल नै पर्छ । भूकम्पको झट्का सुरु भएको ५ सेकेण्डभित्र घरको पाखो भत्किन र छाना खस्न थाल्यो भने मानिस जोगिन सक्दैन ।

हामी केही दिनमा प्रभावित क्षेत्रको स्थलगत भ्रमणमा जाँदैछौं । त्यहाँ नेपाल सरकारको भूकम्प मापन केन्द्रले राखेका उपकरणहरू पनि छन् । साना भूकम्पहरूको जति रेकर्ड राखेर अध्ययन गरियो, ठूला भूकम्पहरूको सम्भावनाबारे यकिन गर्न सकिन्छ । भूकम्पका अनेक आयाम मापनका लागि सकेसम्म बढी उपकरणहरू स्थापना गर्नुपर्छ । नेपाल सरकारले ४० भन्दा बढी ठाउँमा उपकरणहरू राखेको छ ।

### भूकम्पले पढाउँछ, हामी पढ्दैनौं

हरेक भूकम्पले हामीलाई पाठ पढाएर गएको हुन्छ । २०७२ सालको भूकम्पले निकै पाठ पढायो, बझाङमा पढायो, अहिले जाजरकोटको भूकम्पले पनि पाठ सिकाएको छ । हामीले आफैंलाई मार्ने घर बनाइरहेका छौं । यस्ता घरहरूले हामीलाई मारे, अब हामीले त्यस्ता घरबाट छुटकारा पाउनै पर्छ । हामी भवन निर्माण संहिताको मामिलामा कति सजग छौं भनेर मनन् गर्नुपर्ने अवस्था छ । भएका घरहरूलाई भूकम्प प्रतिरोधी बनाएर होस् या नयाँ घर बनाएर, अब हामीले भूकम्पीय जोखिमयुक्त संरचनालाई बदल्नुपर्छ ।

आजको भोलि नै लाखौं नयाँ घर बनाउन सकिँदैन । त्यसका लागि भूकम्पीय जोखिमबाट जोगिने सचेतना कार्यक्रम पनि चलाउनुपर्छ । जापानले हरेक महिना विद्यालयहरूमा सचेतना कार्यक्रम चलाएको हुन्छ, बारम्बार सुरक्षाका अभ्यासहरू गरिन्छ । हामीले पनि भूकम्पीय जोखिम घटाउन तयारी थाल्नुपर्छ । संरचना बलियो बनाउनुपर्छ, साथसाथै आम नेपालीलाई पनि भूकम्पका बारेमा ज्ञान दिनुपर्छ । विद्यालयका पाठ्यक्रमहरूमा यसलाई समावेश गर्नुपर्छ । विद्यालय तहदेखि नै सचेतना कार्यक्रम गर्नुपर्छ ।

अस्तिको जाजरकोटको भूकम्प आफैंमा एउटा भूकम्प हो । भ्रमका कारण कतिपयले यसलाई ठूलो भूकम्प टरेको रूपमा बुझेका छन्, कतिपयले अर्को महाभूकम्प आउने पूर्वसंकेत भनेका छन् । न यसले कुनै भूकम्पको पूर्वसंकेत गरेको हो, न कुनै भयावह अवस्था टारेको हो । यस्तो थाहा भइदिएको भए त हामीले पर्याप्त तयारी गर्ने थियौं नि !

यथार्थमा यो भूकम्पले अर्को भूकम्प टारेको होइन । बारपाकभन्दा पश्चिमको भागमा ८ रेक्टर स्केलको भूकम्प जान पुग्ने गरिको शक्ति सञ्चय भएको छ भनेर भूकम्पविद्हरूले बारम्बार चेतावनी दिएका छन् । त्यो अवस्था टर्नका लागि ७ रेक्टर स्केल बराबरका ३२ वटा भूकम्प आउनुपर्छ । ६ रेक्टर स्केल बराबरका हजार वटा भूकम्प आउनुपर्छ, अनि मात्रै ८ रेक्टर स्केल बराबरको शक्ति क्षय हुन्छ । त्यसैले बारम्बार स-साना भूकम्प गएमा मात्रै पश्चिम नेपालमा सञ्चय भएको शक्ति रिलिज हुन्छ । हालको अवस्था हेर्दा, स-साना भूकम्प गएर ठूलो जोखिम टर्ने सम्भावना असम्भव जस्तै हो ।

मेरो बुझाइमा पश्चिम नेपालमा तीनवटा सम्भावना देखिन्छ । पहिलो, स-साना झट्काका रूपमा अरू कुनै पनि बेला अन्य ठाउँमा भूकम्प आउन सक्छ । अहिलेभन्दा एक/दुई कम स्केलको पनि झट्का आउन सक्छ । त्यसैले चर्केको घर छ भने त्यहाँभित्र नबस्नुहुन अनुरोध गर्छु । दोस्रो, बझाङ वा जाजरकोटको जस्तो मझौला खालको भूकम्प अरू कुनै ठाउँमा आउन सक्छ ।

हामीले चेतावनी दिँदै आएको अन्तिम विकल्प पनि छ । पश्चिममा कुनै पनि बेला ७/८ रेक्टर स्केलको भूकम्प जान सक्छ । यो मैले कसैलाई तर्साउन वा आतंकित बनाउन भनेको होइन । विभिन्न वैज्ञानिक अध्ययन, अनुसन्धानहरूले पनि त्यो सम्भावना देखाएको छ ।

भूकम्प पूर्व सूचना प्रणाली जडान गर्न सक्ने हो भने धेरै राम्रो हुन्छ । केन्द्रविन्दुबाट नजिक रहेको उपकरणले भूकम्पको संकेत थाहा पाउनासाथ वरपरका क्षेत्रमा तत्काल सूचना प्रवाह गर्ने प्रणाली विकास भएको छ । त्यसका आफ्नै विशेषता र कमजोरी छन् । अन्त्यमा, हामीले भूकम्प टार्न त्यो कहिले आउला भनेर पूर्वानुमान गर्ने तरिका हालसम्म पत्ता लागेको छैन । तसर्थ भएका संरचनालाई बलियो बनाएर नै जोखिम घटाउने हो, सचेतना कार्यक्रम गरेर मानिसहरूलाई सजग गराउने हो, अरू विकल्प छैन ।

(नेपाल विज्ञान प्रविधि प्रतिष्ठान (नास्ट) मा कार्यरत भूकम्पविद् सुवेदीसँगको कुराकानीमा आधारित)

*साभार: अनलाइनखबर*

# ‘अमेरिकाले कडाइ गरेको कुरा थाहा नपाउँदा धेरै फर्किरहेका छन्’



✍डा. जीवन बानिया,

नेपालबाट बाहिर जाने चाहने अहिले संस्कृति जस्तो भइरहेको छ । हुने खानेहरु अमेरिका, युरोप, जापान तिर जाने चलन छ । त्यहाँ जान नसक्नेहरु चाहिँ गल्फ कन्ट्रीतिर, नभए भारतसम्म जाने चलन छ ।

देशभित्र व्यापार, व्यवसाय र रोजगारी नभएर बाहिर जानु परिस्थिति सिर्जना भएको हो । यसमा देशको राजनीतिक, आर्थिक अवस्थाले प्रभाव पारेको देखिन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने १९९० दुई वटा घटनाले तल्लो बाटोबाट अमेरिका वा युरोप जानेक्रम सुरु भएको देखिन्छ ।

त्यसमा माओवादी द्वन्द्व एउटा कारण देखिन्छ । देशमा जुन माओवादीको आन्दोलन भयो, त्यसमा मानिसहरु पिरोलिएको अवस्था थियो । त्यसले कतै जंगलतिर जानुपर्ने हो की भन्ने अवस्था सिर्जना गर्‍यो । त्यसबेला नेपालको आर्थिक अवस्थामा पनि कमजोर भइरहेको थियो । यो एउटा आन्तरिक कारण हो । बाहिर हेर्ने हो भने पनि द्वन्द्वको क्रममा पश्चिमा मुलुकहरुले नेपालीलाई खुकुलो बनाइदिएका थिए । त्यो बेला मानिसहरु माओवादी आन्दोलनको चपेटामा नपरुन् भनेर पश्चिमा देशहरुले सजिलै भिसा दिने र शरणार्थीका लागि खुकुलो बनाइदिएको अवस्था थियो । त्यो परिघटनाले पनि अवैध बाटोबाट अमेरिका, युरोप देशहरुमा जानेक्रम सुरु भयो । किनभने त्यहाँ गएर सजिलै बस्न पाउने स्थिति नभएको भए जोखिम मोलेर, लाखौं रुपैयाँ खर्चेर कोही जाने पनि थिएनन् । नेपालमा बसेका भुटानीहरुको अवस्था हेर्ने हो भने पनि त्यही हो । अझ नेपालीलाई नै नक्कली भुटानी बनाएर पठाएको घटना त छरपष्ट नै भयो ।

त्यो भनेको जहाँ जान चाहेको ती देशको नीतिले पनि नेपालीहरुलाई त्यहाँ जान आकर्षित गरेको देखिन्छ । अर्को भनेको भूकम्पले पनि नेपालीहरुलाई पश्चिमा देशहरुले भिसा दिने सन्दर्भमा खुकुलो गरिदिएको देखिन्छ । अमेरिकाकै केसमा हेर्ने हो भने डोनाल्ड ट्रम्प राष्ट्रपति हुनुअघि र पछिको अवस्था फरक छ । ट्रम्प राष्ट्रपति हुनु अघिको समयमा अवैध बाटोबाट अमेरिका पुग्न सस्तो र सहज थियो । अमेरिकाले पनि सजिलै ‘बेलिङ’ गरिदिएको अवस्था थियो । त्यो बिन्दुसम्म धेरै मानिसहरु सहज तरिकाले अमेरिका गए ।

त्यसैले जानेहरुलाई पनि सजिलै गइहालिन्छ भन्ने बुझाइ भयो । पछि ट्रम्प आएपछि त्यहाँको नीतिमा कडाइ गरियो । अवैध रुपमा अमेरिका गएकाहरुलाई महिना-वर्ष दिनसम्म डिटेन्सन् सेन्टरमा राख्ने र फर्काइदिनेक्रम सुरु भयो । गाउँघरमा भने पहिले-पहिले अमेरिका छिरेको र राम्रो कमाएको देखेर अरुलाई अमेरिका पठाउने रहर नै चल्न सुरु भइसकेको थियो । त्यो देखेर अमेरिका सजिलै छिर्न सकिन्छ भन्ने हाम्रो बुझाइ भयो । तर अमेरिकाको इमिग्रेसनको नीति परिवर्तन भइरहेको धेरैलाई थाहै छैन । एजेन्टहरुलाई पनि त्यो कुरा थाहा हुँदैन । उनीहरु ललाइ-फकाइ गरी जसरी भए पनि पठाउन खोज्छन् ।

अहिले अमेरिकाको इमिग्रेसनको परिवर्तन भइरहेको नीतिबारे धेरैलाई अवगत नहुँदा गएकाहरु समस्यामा परिरहेका छन् । अमेरिकाको बदलिँदो नीतिका कारण अहिले डिटेन्सन् बसेर थुप्रै फर्किरहेका छन् । एकदमै कम संख्यामामात्र त्यहाँ बस्न पाएका छन् । कति त बोर्डर नै क्रस गर्न नसकेर फर्केका पनि छन् । अहिले क्रमश: अरु देशहरुले प्रतिबन्ध लगाउँदै गएका छन् ।

पहिले-पहिले त सिधै म्याक्सिको, पनामाको भिसा लागेर जान्थे । त्यो गर्दा धेरै देश भएर हिँड्नु पर्दैनथ्यो । तर अहिले त २२-२३ वटा देशहरु पार गर्नुपर्ने अवस्था छ । त्यहाँ प्रत्येक देशहरुमा बोर्डर क्रस गराउन एजेन्टहरु हुन्छन्, उनीहरुले पैसा लिएर विभिन्न देशको बोर्डर पार गराउने काम गर्छन् । ती एजेन्टहरु भरपर्दा, विश्वासिला हुँदैनन् । उनीहरुले लुट्ने, ठग्ने, बन्धक बनाउने र शोषण गर्ने गर्छन् । त्यति हुँदा पनि अवैध बाटोबाट अमेरिका जान खोज्ने क्रममा कमी आएको छैन ।

एजेन्टहरुले पनि यसमा धेरै लाभ हुने थाहा पाइसकेपछि सक्रिय भएका छन् । यो जालो कस्तोसम्म छ भने साउथ अमेरिकामा बसेर काम गर्ने नेपाली एजेन्टहरु पनि छन् । कतिपय अमेरिकामा बसेर पनि यस्तो काम गरिरहेका छन् । रोचक कुरा त के छ भने यसरी अमेरिका जान चाहने मान्छेहरु दुई किसिमका छन् । त्यसमा एउटा सम्पन्न परिवार छ, जो लाखौं रुपैयाँ खर्च गरेर आफू वा आफ्नो सन्तानालई अमेरिका पठाउन चाहन्छ । अर्को चाहिँ आर्थिक हैसियत नभएकाहरु, जोसँग लाखौं खर्चेर पठाउने पैसा हुँदैन, उनीहरुलाई छरछिमेक र आफन्तले पैसा हालिदिएर पठाइदिएको अवस्था पनि छ । यसले पनि लाखौं पैसा खर्चेर अमेरिका जान नसक्नेहरुलाई अवैध बाटोबाट अमेरिका जान प्रेरित गरिरहेको छ ।

*अमेरिकाको बदलिँदो नीतिका कारण अहिले डिटेन्सन् बसेर थुप्रै फर्किरहेका छन् । एकदमै कम संख्यामामात्र त्यहाँ बस्न पाएका छन् । कति त बोर्डर नै क्रस गर्न नसकेर फर्केका पनि छन् । अहिले क्रमश: अरु देशहरुले प्रतिबन्ध लगाउँदै गएका छन् ।*

तर अहिले अमेरिकाको इमिग्रेसन नीति परिवर्तन भइरहेको छ, साउथ अमेरिकाका देशहरुले पनि यसमा कडाइ गरिरहेका छन् । पहिले सजिलै भिसा दिने देशहरुले अहिले प्रतिबन्ध लगाएका छन् । त्यसैले अहिले अमेरिका छिर्न पहिले जस्तो सजिलो छैन । यो कुरा नबुझी धेरै मान्छे जाँदा दुख पाउने गरेका छन् । (श्रम आप्रवासी मामलामा अध्ययन गर्ने सोसल साइन्स बहाका सहायक निर्देशक डा. जीवन बानियासँग गरिएको कुराकानीमा आधारित ।) *साभार:अनलाइनखबर*

# निश्चलले गरे 'लुट ३' बन्ने संकेत



संकटको अवस्थामा रहेको नेपाली फिल्म क्षेत्रलाई वैतरणी तारेको फिल्म हो, 'लुट' । यो फिल्मले घरेलू बजारको आकार र आयतन मात्र बढाएन, बलिउड फर्मुलाबाट ग्रस्त रहेको नेपाली फिल्मको कथावाचन शैलीमै नयाँ ट्रेन्ड सुरु गरिदियो । हिरोको परम्परागत मानक भत्किएर अभिनयमा दख्खल कलाकारहरु स्थापित हुन थाले । एक हिसाबले 'लुट'ले नेपाली फिल्ममा नयाँ युग सुरु गऱ्यो ।

२०७३ सालमा यसको दोस्रो सिक्वेल बन्यो । तर, 'लुट'को साख नै जोगाउन सकेन । फिल्म सफल भए पनि निर्देशक निश्चल बस्नेतले फर्मुलामा जोड दिँदा सशक्त रुपमा कथा भन्न सकेनन् । त्यसो त उनले 'लुट २'मा आफू चुकेको कुरा स्वीकार गरिसकेका छन् । यसपछि ७ वर्ष विश्राम लिएका उनले कात्तिक २४ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'दिमाग खराब'बाट पुनरागमन गरेका छन् ।

अब उनले 'लुट ३' बन्ने प्रष्ट संकेत गरेका छन् । फिल्मको कथालाई एउटा विन्दूमा पुऱ्याउने उनको योजना छ । तर, यसका लागि उनी हतार गर्ने पक्षमा छैनन् । समय लिएरै फिल्म बनाउने उनको सोच छ । यद्यपि, तेस्रो सिक्वेलका लागि दिमागमा केही चिज भने फुरिसकेको र अब त्यसलाई अघि बढाउने उनले बताएका छन् । पैसा कमाइन्छ भनेर चाहिँ सिक्वेल नबनाउने निश्चलको कथन छ ।

एक पोडकास्टमा उनले भनेका छन्, 'मलाई 'लुट ३' बनाउनु चाहिँ छ । तर, अलि समय लिएरै गर्छु । एक-दुईटा कारण छ, जसले गर्दा मलाई सिक्वेल मात्र गरेर बस्न मन छैन । त्यो बनाएँ भने पैसा कमाइन्छ भन्ने सोचले बनाए आलु हुन्छ । पैसा मात्र कमाइन्छ भन्ने सोच भयो भने त जतिबेला बनाए पनि हुन्छ नि ।' दिमागमा फुरेको कथा स्क्रिप्टमा आउँदा चित्त बुझे मात्र 'लुट ३' बन्ने उनले बताए । 'त्यो कथालाई यहाँ पुऱ्याउने मन छ भन्ने चाहिँ लागिरहेकै छ । त्यसका लागि एउटा सानो चिज २/४ दिनअघि दिमागमा फुरेको छ । हेरौं त्यसलाई कसरी अगाडि लैजान सकिन्छ । चित्त बुझ्दो चिज नै अघि बढ्छ कि यो यति नै रैछ भनेर थन्काइन्छ थाहा छैन,' उनले भने । उनी 'दिमाग खराब'प्रति आत्मविश्वासी पनि देखिएका छन् । अबदेखि उनी एक वर्षमा एउटा फिल्म बनाउने योजनामा छन् ।

# 'समयमै अस्पताल ल्याउन सकेको भए धेरै जना बँच्थे'



नलगाड (जाजरकोट) / शुक्रबार राति ११:४७ बजे गएको ६.४ रेक्टर स्केलको भूकम्पको झट्काले नलगाड नगरपालिका-४, औंलमा गोविन्द मल्लको घर भत्कायो । घरभित्र मल्ल, पत्नी सरिता साह, उनकी एक वर्षीय छोरा र ३ वर्षीया छोरी थिए ।

'एकै झट्कामा घर भत्कियो, दुवै पर्खालले छोरा र छोरीलाई किच्यो', आफन्त समेत रहेका नलगाड, दल्लीका डिल्लीबहादुर रावल भन्छन्, 'दुवै पर्खालले किच्दा पनि आमाले एक वर्षका छोरालाई च्यापेर जोगाइछन् ।'

आफन्तले एक वर्षका छोरालाई तुरुन्तै उद्दार गरेर नलगाडस्थित प्राथमिक स्वास्थ्य चौकीमा ल्याइपुऱ्याए । अस्पतालका डा. विशाल उप्रेतीका अनुसार, बच्चालाई ल्याउन केही ढिलाइ गरेको भए ज्यान नबँच्न सक्थ्यो ।

'हामीले अक्सिजन नै दिएर राखेका थियौं, अहिलेसम्म उपचार भइरहेको छ', उप्रेतीले भने, 'तर, अहिले बच्चाको अवस्था खतरामुक्त हुनुहुन्छ ।'समयमा ल्याएका कारण उनको उपचार सम्भव भएको बताउँदै डा. उप्रेती भने, 'समयमा ल्याएकाहरु जोगिएका छन्, तर भूकम्प १२ नबज्दै गएपनि ४ बजेसम्म अस्पतालमा बिरामीहरुको चाप थिएन ।'

चार बजेपछि मात्र अस्पतालमा भूकम्पका घाइतेलाई ल्याउने क्रम सुरु भएको उनको भनाइ छ । 'जाजरकोटमा सबैभन्दा बढी मानवीय क्षति देखिनुको कारण समयमा उपचार नपाउनु पनि हो', डा. उप्रेती भन्छन् ।

उनका अनुसार, हालसम्म जाजरकोटको नलगाड नगर पालिकामा मात्रै ५० जनाको मृत्यु भएको छ ।'४९ जनाको मृत्यु भएको हामीले घोषणा गरेका थियौं, अहिले थप एक जनाको मृत्यु भएपछि संख्या ५० पुगेको छ', उप्रेतीले थपे, 'त्यो एक जनाको पनि समयमा उपचार नपाएकाले मृत्यु भएको हो ।'

सडक सुविधा नभएका कारण घाइतेहरुलाई समयमा ल्याउन नसकिएको उनले बताए । 'एम्बुलेन्सहरु पनि निकैबेर सडकमा अलपत्र परेका थिए', उनले भने, 'बाटोमा मात्र समस्या नभएको भएपनि धेरै जोगिन्थे ।' उप्रेतीका अनुसार, भूकम्पबाट सबैभन्दा धेरै मानवीय क्षति नलगाड नगरपालिकाको वडा नं. १ मा भएको छ । त्यहाँ अझैसम्म सडक सञ्चालनमा नआएकाले घाइतेहरु त्यहीँ छन् ।'कतिपय केही हुँदैन भनेर त्यहीँ बसेका छन्, केहीलाई बोकेर ल्याइएको छ', डा. उप्रेतीले भने, 'उपचारका लागि टोलीलाई उतै पठाउनुपर्ने अवस्था छ ।'उनका अनुसार ,अस्पतालबाट मात्र सेवा दिएर नपुग्ने स्थिति भएकाले अहिले वडा नं. १, ३, ५ र ७ नम्बर वडामा स्वास्थ्यकर्मीको मोबाइल टोली खटाइएको छ । वडा नं. १ मा सडक सञ्जाल अवरुद्ध भएका कारण शव ल्याउन समेत समस्या भएको छ ।

'शव ल्याउन समस्या भएपछि मैले उतै गएर २२ जनाको पोष्टमार्टम गरेँ', उप्रेतीले भने, 'अस्पताल ल्याउन सक्ने स्थिति नभएपछि शव त्यत्तिकै राखेर पनि भएन, यता अरु टोलीले काम गरिरहेका बेला मैले त्यहीँ गएर पोष्टमार्टम गरेँ ।'उनका अनुसार, नेपाली सेना र सशस्त्र प्रहरी बलको टोलीले अहिले सडक खुलाउने प्रयास गरिरहेको छ । सडक सञ्चालनमा आए अस्पताल ल्याउने घाइतेको संख्या बढ्न सक्ने उनी बताउँछन् ।

'अहिले जिल्ला अस्पताल रुकुमबाट डा. ओसिन मगर पनि आउनुभएको छ, अरु स्वास्थ्यकर्मीसँग पनि मिलेर काम गरिरहेका छौं', उनले भने, 'बाहिरबाट आउनु भएका प्राय: चिकित्सक सदरमुकाम खलङ्गा केन्द्रित हुनु भएको छ, यता थोरै हुनुहुन्छ । तर, व्यवस्थापन गरेर उपचार गराइरहेका छौं ।'नलगाड अस्पतालकी स्वास्थ्यकर्मी विष्णु साहका अनुसार, पहिले यो प्राथमिक स्वास्थ्य केन्द्र थियो, त्यसैलाई अस्पतालमा स्तरोन्नति गररिएको हो ।'पहिले १४, १५ जना मात्र स्वास्थ्यकर्मी भएपनि अहिले २४ जना छन्, साहले सुनाइन्, 'खास हुनुपर्ने त ३० हो, २४ मात्रै भएपनि धेरै राहत भएको छ ।'

उनका अनुसार, अस्पतालमा आएका विरामीमध्ये अधिकांशको टाउकोमा चोट छ । डा. उप्रेतीका अनुसार, अहिलेसम्म अस्पतालमा भूकम्पबाट घाइतेमध्ये ८५ जनाको उपचार भएको छ । मृत्यु हुने अधिकांशको टाउकोमा गम्भीर चोट लागेको थियो । शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पनि नलगाड आएर अस्पतालको अवलोकन गरेका थिए । भूकम्प पीडितलाई भेटेका थिए । त्यसक्रममा प्रधानमन्त्री प्रचण्डले पनि स्वास्थ्यकर्मीहरुको टोली पठाउने आश्वासन दिएको उनी बताउँछन् ।

'प्रधानमन्त्री आउनुभएको हेलिकोप्टरमा ७ जना बिरामीलाई एयरलिफ्ट गरेर पठाएका थियौं', डा. उप्रेतीले भने, 'तीमध्ये एक जना गम्भीर बिरामीको नेपालगञ्जको भेरी अस्पतालमा उपचारका क्रममा मृत्यु भयो ।'

***अस्पतालकै अवस्था नाजुग***

नलगाड नगरपालिकामा रहेको एक मात्र अस्पताल आफैं पनि भूकम्पबाट प्रभावित छ । इमर्जेन्सी सेन्टरको भवन चर्किएको छ । 'अस्पतालको भवन चर्किएपछि भित्र राखेर उपचार गर्न पनि जोखिम छ', डा. उप्रेती भन्छन्, 'त्यसैले कतिपयलाई बाहिर चउरमा राखेर पनि उपचार गराइरहेका छौं ।'

स्वास्थ्यकर्मीहरुका अनुसार, अस्पतालमा औषधिको अभाव त छैन । तर, स्वास्थ्य उपकरणहरु राम्रो छैनन् । अस्पतालमा अक्सिजन सिलिण्डरको पनि अभाव छ । 'कोभिडका बेला आएको अक्सिजन सिलिण्डर छ, त्यो पनि भर्नलाई सदर मुकाम लानुपछ !, अस्पतालका अर्का एक स्वास्थ्यकर्मीले सुनाए, 'औषधि चाहिँ धन्न अहिले युनिसेफ, रेडक्रस लगायतले पनि ल्याएका कारण तत्काललाई समस्या छैन ।'

चिकित्सकहरुका अनुसार, अस्पतालमा राम्रो एक्स रे र युसिजी मेसिन पनि छैन । 'हामीले सिफारिस गर्ने जिल्ला अस्पताल जाजरकोटमा हो, तर जिल्ला आफैं पनि समस्या छ', चिकित्सकहरु भन्छन्, 'यस्तो समस्याको बेलामै भएपनि सम्बन्धित निकायको नजर परिदिए हुन्थ्यो ।'

भूकम्पका कारण मुहानमा क्षति पुगेपछि नलगाड गाउँको धारामा पानी आएको छैन । भूकम्प पीडितहरु रातभर चिसोमा घरबाहिरै त्रिपाल टाँगेर बसिरहेका छन् । खाद्यान्नको पनि समस्या छ ।

'यस्तोमा थप रोगहरुको जोखिम रहन्छ, झाडापखाला, छातीको इन्फेक्सन लगायत समस्या भएका बिरामी बढ्न सक्छन्, यसका लागि पूर्वतयारी गर्नुछ', डा. उप्रेती थप्छन्, 'अफठ्यारो बेला भएपनि सरकारले दीर्घकालका लागि चाहिने स्वास्थ्य उपकरणमा पनि ध्यान दिए सहज हुन्थ्यो ।'

# ओमानसँग कहाँ चुक्यो नेपाल ?



काठमाडौँ / टी-२० विश्वकप छनोट प्रतियोगिताको उपाधि ओमानले जितेको हो । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा खेलिएको रोमाञ्चक फाइनल खेलमा नेपाललाई 'सुपर ओभर' मा हराउँदै ओमानले उपाधि जितेको हो ।

फाइनलमा टस जिती पहिले ब्याटिङ गर्ने निर्णय लिएको नेपालले निर्धारित ओभरमा ६ विकेट गुमाएर एक सय ८४ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको भ्रमणकारी टोली ओमानले पनि निर्धारित ओभरमा नौ विकेट गुमाएर एक सय ८४ रनमात्र बनाएपछि खेल 'सुपर ओभर' मा गएको थियो । त्यसपछि 'सुपर ओभर' मा पहिले ब्याटिङ गरेको ओमानले कुनै पनि विकेट नगुमाई २१ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले भने 'सुपर ओभर' मा एक विकेट गुमाएर १० रनमात्र बनाउन सक्यो ।

'सुपर ओभर' मा ओमानबाट बिलाल खान बलिङ गर्न आएका थिए । उनले पहिलो बलमै नेपालका कुशल भुर्तेललाई आउट गराए । दोस्रो बलमा बिलाल खानले कुनै रन दिएनन् । तेस्रो बलमा कुशल मल्लले एक रन बनाए । बिलाल खानको चौथो बलमा गुल्सन झाले एक रन लिए । पाँचौं बलमा कुशल मल्लले चार रन बनाएका थिए । अन्तिम बलमा पनि कुशल मल्लले चौका प्रहार गरेका थिए । त्यसअघि नेपालले 'सुपर ओभर' मा बलिङ गर्ने जिम्मा अविनाष बोहरालाई लिएको थियो ।

त्यही निर्णय नै नेपाली टोलीको हारको कारण बन्न पुग्यो । अविनाषमा अनुभवको कमी देखियो । तनावपूर्ण अवस्थामा बलिङ गर्न आएका उनले अधिकांश बल 'फुल टस' फालेका थिए । त्यसमाथि उनले एउटा 'वाइड बल' पनि फालेका थिए ।

अविनाषको पहिलो बलमा ओमानका ब्याट्सम्यान अकिब इलियसले एक रन लिए । दोस्रो बलमा नसिम खुसीले छक्का प्रहार गरे । तेस्रो बलमा नसिम खुसीले रन लिन सकेनन् । चौथो बलमा नसिम खुसीले फेरि छक्का प्रहार गरे ।

पाँचौं बल अविनाषले 'वाइड'फालेका थिए । त्यसलगत्तै अर्को बलमा नसिम खुसीले पुन: छक्का प्रहार गरेका थिए । अविनाषको अन्तिम बलमा नसिम खुसीले एक रन लिएका थिए । अविनाषले 'सुपर ओभर' मा २१ रन खर्चिएका थिए । त्यसअघि ठूलो विजयलक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा ओर्लिएको भ्रमणकारी टोली ओमानका लागि ओपनर ब्याट्सम्यान कश्यप प्रजापतीले ६३ रनको योगदान गरेका थिए । अकिब इलियसले पनि ३३ रन जोडेका थिए । कप्तान जिसन मक्सुदले २६ रन बनाएका थिए । आयान खानले १० रन बनाएका थिए भने मेहरान खानले पनि १० रन बटुलेका थिए । तल्लो क्रमका ब्याट्सम्यान मोहम्मद नदिमले भने अविजित २४ रन बनाएका थिए । सहज जिततर्फ अग्रसर रहेको ओमानलाई खेलको अन्त्यतिर नेपालका अनुभवी स्पिनर सन्दीप लामिछानेले अंकुश लगाएका थिए । अन्तिम ओभर बलिङ गर्न आएका सन्दीपले लगातार दुई विकेट लिएपछि ओमानको टोली दबाबमा परेको थियो । अन्तिम बलमा ओमानका ब्याट्सम्यान फयाज बट रन आउट भएका थिए । कप्तान रोहित पौडेलले उपलब्ध गराएको बलमा सन्दीप लामिछानेले उनलाई रन आउट गरेका थिए ।

त्यसपछि खेल सुपर ओभरमा पुगेको थियो । नेपाली टोलीका लागि सन्दीपका अतिरिक्त करण केसीले पनि दुई विकेट लिए । सोमपाल कामी, गुल्सन झा, अविनाष बोहरा र बिवेक यादबले पनि एक–एक विकेट हात पारेका थिए । नेपाली ब्याट्सम्यानले फाइनलमा ओमानलाई ठूलो लक्ष्य दिए पनि नेपाली टोलीका बलर खासै प्रभावकारी देखिएनन् ।

ओमानको पहिलो विकेट नेपाली टोलीका बलर सोमपाल कामीले लिएका थिए । उनले ओमानका ओपनर ब्याट्सम्यान प्रतिक अथावालेलाई सात रनको ब्यक्तिगत स्कोरमा पेभेलियन फर्काएका थिए । सोमपालले प्रतिकलाई एलबीडब्लूको धरापमा पारेका थिए । विकेटकिपर ब्याट्सम्यान प्रतिक आउट हुँदा ओमानले ३ ओभरमा २७ रन बनाएको थियो ।

ओमानको दोस्रो विकेट गुल्सन झाले लिएका थिए । गुल्सनले ओमानका ब्याट्सम्यान अकिब इलियसलाई पेभेलियन फर्काएका थिए । गुल्सनले ओमानका तेस्रो नम्बरका ब्याट्सम्यान अकिबलाई सन्दीप जोराद्वारा क्याच गराएका थिए ।

अकिबले टोलीका लागि ३३ रनको महत्वपूर्ण योगदान गरेका थिए । उनले आक्रामक पाली खेल्दै केवल १९ बलको सामना गरी तीन छक्का र दुई चौका हिर्काएका थिए । उनी आउट हुँदा ओमानले ९.४ ओभरमा ९४ रन बनाएको थियो ।

ओमानको तेस्रो विकेट बिवेक यादबले लिएका थिए । उनले ओमानका ब्याट्सम्यान जिसन मक्सुदलाई पेभेलियन फर्काएका थिए । ओमानका कप्तानसमेत रहेका जिसनलाई बिवेकले कप्तान रोहित पौडलद्वारा क्याच गराएका थिए । जिसनले पेभेलियन फर्किनुअघि २६ रन जोडेका थिए । उनले १८ बलमा एक छक्का र दुई चौका प्रहार गरेका थिए । उनी आउट हुँदा ओमानले १५.२ ओभरमा एक सय ३६ रन बनाएको थियो ।

ओमानको चौथो विकेट अविनाष बोहराले लिएका थिए । उनले ओमानका प्रभावशाली ओपनर ब्याट्सम्यान कश्यप प्रजापतीलाई आउट गराएका थिए । अविनाषले कश्यपलाई कप्तान रोहित पौडेलद्वारा क्याच गराएका थिए । पेभेलियन फर्किनुअघि ओपनर ब्याट्सम्यान कश्यपले ६३ रन बनाएका थिए । उनले केवल ५२ बलको सामना गरी चार छक्का र तीन चौका पनि हिर्काएका थिए । कश्यप आउट हुँदा ओमानले १६.५ ओभरमा चार विकेट एक सय ४६ रन बनाएको थियो ।

ओमानको पाँचौं विकेट पनि करण केसीले लिएका थिए । उनले ओमानका ब्याट्सम्यान निसाम खुसीलाई एक रनको ब्यक्तिगत स्कोरमा बिवेक यादबद्वारा क्याच गराएका थिए । निसाम आउट हुँदा ओमानले १७.१ ओभरमा पाँच विकेट एक सय ४७ रन बनाएको थियो । ओमानको छैठौं विकेट पनि करण केसीले नै लिएका थिए । करणले ओमानका ब्याट्सम्यान मेहरान खानलाई १० रनको ब्यक्तिग स्कोरमा बिवेक यादबद्वारा क्याच गराएका थिए । करणले लिएको यो दोस्रो विकेट थियो । मेहरान आउट हुँदा ओमानले १७.४ ओभरमा एक सय ५७ रन बनाएको थियो ।

त्यसअघि टस जिती पहिले ब्याटिङको निणर्य लिएको नेपालका लागि गुल्सन झाले ५४ रनको योगदान गरेका थिए । कप्तान रोहित पौडेलले पनि अविजित ५२ रन बनाएका थिए । उनले ३७ बलमा दुई छक्का र पाँच चौका हिर्काएका थिए । त्यसअघि उनले केवल ३६ बलमा अर्धसतक पुरा गरेका थिए ।

ओपनर ब्याट्सम्यान कुशल भुर्तेलले पनि ३१ रनको योगदान गरेका थिए । तेस्रो नम्बरका ब्याट्सम्यान सन्दीप जोराले टोलीको खातामा १० रन थपेका थिए । करण केसीले अविजित अविजित २० रन जोडेका थिए । उनले ६ बलमा दुई छक्का र एक चौका हिर्काएका थिए ।

ओमानका बलर बिलाल खानले तीन विकेट लिएका थिए । बिलालले चार ओभरमा २६ रन खर्चिएका थिए । अकिब इलियसले पनि दुई विकेट हात पारेका थिए । जिसन मक्सुदले एक विकेट लिएका थिए । नेपाली टोलीले अतिरिक्त रुपमा सात रन पाएको थियो । नेपालले पहिलो विकेटका रुपमा ओपनर आसिफ शेखलाई गुमाएको थियो । विकेटकिपर ब्याट्सम्यान आसिफ ६ बलमा एक छक्काको मद्दतले ६ रन बनाउँदै आउट भएका थिए । उनलाई ओमानका बलर बिलाल खानले कश्यप प्रजापतीद्वारा क्याच गराएका थिए । २.४ ओभरमा पहिलो विकेट गुमाउँदा नेपालले १५ रन बनाएको थियो । नेपालले दोस्रो विकेटका रुपमा तेस्रो नम्बरका ब्याट्सम्यान सन्दीप जोरालाई गुमाएको थियो । उनी १३ बलमा एक चौकाको मद्दतले १० रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनलाई ओमानका बलर जिसन मक्सुद बोल्ड गरेका थिए । ६.१ ओभरमा दोस्रो विकेट गुमाउँदा नेपाली टोलीले ४७ रन बनाएको थियो ।

तेस्रो विकेटका रुपमा नेपालले ओपनर कुशल भुर्तेललाई गुमाएको थियो । कुशल भुर्तेल ३१ रन बनाउँदै आउट भएका थिए । उनले २२ बलको सामना गरी दुई छक्का र तीन चौका हिर्काएका थिए । उनलाई ओमानका बलर अकिब इलियसले मेहरान खानद्वारा क्याच गराएका थिए । उनी आउट हुँदा नेपालले ७.१ ओभरमा तीन विकेट गुमाएर ४९ रन बनाएको थियो ।

चौथो विकेटका रुपमा नेपालले कुशल मल्ललाई गुमाएको थियो । उनी नौ बलमा तीन रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनलाई ओमानका बलर अकिब इलियसले प्रतिक अथावालेलेद्वारा क्याच गराएका थिए । उनी आउट हुँदा नेपालले १० ओभरमा चार विकेट गुमाएर ६० रन बनाएको थियो ।

पाँचौं विकेटका रुपमा नेपालले गुल्सन झालाई गुमाएको थियो । उनले टोलीका लागि ५४ रनको महत्वपूर्ण योगदान गरेका थिए । उनले २५ बलको सामना गरी चार छक्का र पाँच चौका प्रहार गरेका थिए । त्यसअघि उनले २० बलमा अर्धसतक पुरा गरेका थिए ।

६० बलमा चौथो विकेट गुमाएको नेपालको स्कोरलाई कप्तान रोहित पौडेल र गुल्सन झाले एक सय ३८ रनको स्थितिमा पुऱ्याएका थिए । गुल्सनलाई ओमानका बलर बिलाल खानले सकिल अहमदद्वारा क्याच गराएका थिए । छैठौं विकेटका रुपमा नेपालले बिवेक यादबलाई एक रनको ब्यक्तिगत स्कोरमा गुमाएको थियो । उनलाई ओमानका बलर बिलाल खानले आउट गराएका थिए । बिलालले आफ्नो बलिङमा बिवेकको क्याच आफैले लिएका थिए । बिवेक आउट हुँदा नेपालले १८.२ ओभरमा एक सय ५२ रन बनाएको थियो ।

फाइनलमा पराजित भए पनि नेपाली टोली आगामी वर्ष आयोजना हुने टी–२० विश्वकपमा भने छनोट भएको छ । यो प्रतियोगिताको फाइनलमा पुग्ने दुबै टोलीले सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने टी–२० विश्वकप खेल्न पाउने प्रावधान थियो ।

# जाजरकोट भूकम्पमा ९३७ घरमा पूर्ण क्षति, २,९५४ घरमा आंशिक



काठमाडौं / गृहमन्त्रालयले जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर शुक्रबार राति गएको भूकम्पमा क्षति पुगेका घरधुरीको संख्या सार्वजनिक गरेको छ । गृहमन्त्रालय अन्तर्गतको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाले सार्वजनिक गरेको विवरणअनुसार अहिलेसम्म ९३७ घरमा पूर्ण क्षति र २,९५४ वटा घरमा आंशिक क्षति भएको छ ।त्यसमध्ये जाजरकोटमा सबभन्दा बढी ९०५ वटा घर पूर्णरूपमा क्षति भएको छ । त्यस्तै २६८५ घरमा आंशिक क्षति भएको छ । रुकुम पश्चिमको विवरण भने हालसम्म सार्वजनिक गरेको छैन ।

त्यस्तै रुकुम पूर्वमा ५ वटा घरमा पूर्ण क्षति र ११८ घरमा आंशिक क्षति भएको छ । सल्यानमा ९७, प्युठानमा २९, रोल्पामा १७, दाङमा ६, नवलपरासी पूर्व र दैलेखमा १/१ घर क्षतिग्रस्त भएका छन् । यस्तै सल्यानमा २५, दैलेख र बैतडीमा १/१ घर क्षतिग्रस्त भएका छन् ।

गृहमन्त्रालयका अनुसार जाजरकोटमा १०५ र रुकुममा ५२ जनाको मृत्यु भएको छ । यस्तै घाइते २५६ जनामध्ये जाजरकोटका ११२, रुकुमका १३२, सल्यानका २, रोल्पाका १ र दैलेख, बैतडी, जुम्लामा ३/३ जना घाइते भएका छन् । क्षतिको विवरण संकलन भइरहेकाले यो क्षतिग्रस्त संरचनाको संख्या अझै बढ्न सक्ने मन्त्रालयको भनाइ छ ।

सरकारले उद्धार कार्यका लागि सशस्त्र प्रहरी बलका ४८५ जना, नेपाल प्रहरीका ८७४ जना र नेपाली सेनाका २०२ जना परितालन गरिएका छन् । गृहमन्त्रालयले जिल्लाहरूबाट विस्तृत विवरण आउने क्रम जारी रहेको जनाएको छ ।

## ग्लोबल आईएमई बैंकले ९ प्रतिशत लाभांश दिने

काठमाडौं / ग्लोबल आईएमई बैंकले गत आर्थिक वर्षको नाफाबाट सेयरधनीका लागि लाभांश घोषणा गरेको छ । बैंकको १९ कात्तिकमा बसेको सञ्चालक समितिको बैठकले कुल ९ प्रतिशत लाभांश दिने घोषणा गरेको हो । जसमध्ये ८ प्रतिशत नगद लाभांश र १ प्रतिशत बोनस सेयर वितरण गरिने बैंकले जनाएको छ । बैंकले यो लाभांश प्रस्ताव साधारणसभामा लगेर पारित गरेपछि मात्रै सेयरधनीले पाउने छन् । ग्लोबल आईएमईसहित ८ वाणिज्य बैंकले लाभांश घोषणा गरिसकेका छन् । यसअघि स्टान्डर्ड चार्टर्ड, सिद्धार्थ, सिटिजन्स, सानिमा, एनआईसी एसिया, एभरेस्ट र माछापुच्छ्रे बैंकले लाभांश घोषणा गरि सकेका छन् । यीमध्ये केहीले सेयर धनीलाई वितरण गरिसकेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरगढीस्तरीय भलिबलमा क्वाटरफाइनल समिकरण पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर-६, स्थित डुम्रेकुनामा भएको चौथो गाउँपालिकास्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगितामा क्वाटर फाइनल समिकरण पूरा भएको छ ।

सनराइज युथ क्लबद्वारा आयोजित प्रतियोगिताअन्तर्गत् आइतबार उद्घाटनकै दिन ८ वटा टिम क्वाटरफाइनलमा पुगेका छन् । प्रतियोगितामा समूह 'क'बाट ८ नम्बर वडा बुढीचौर, ७ नम्बर वडाको सुकौरा, समूह 'ख'अन्तर्गत् ५ नम्बर वडाको नवजागृति क्लब, ३ नम्बर वडाको मक्राञ्चुली, समूह 'ग' बाट जुनतारा युवा क्लब, आमभञ्ज्याङ युवा क्लब तथा समूह 'घ'अन्तर्गत् नागरिक सचेत युवा क्लब र सनराइज युवा क्लब 'ए' क्वाटरफाइनलमा पुगेको क्लबका सचिव विष्णु सिलवालले जानकारी दिए ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख अतिथ्यता तथा आयोजक सनराइज युथ क्लबका अध्यक्ष अशोक स्याङ्तानको सभाध्यक्षतामा प्रतियोगिताको उद्घाटन समारोह आयोजना गरिएको थियो । उद्घाटनमा गाउँपालिकाको निवर्तमान अध्यक्ष बिदूर हुमागाई, गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन, २ नम्बर वडा अध्यक्ष बखानसिं पाखिन, ६ नम्बर वडा अध्यक्ष कृष्णप्रसाद बजगाई, ६ नम्बर वडाका निर्वमान वडाध्यक्ष टीकाप्रसाद दाहाल, ६ नम्बर वडा सदस्य जीतबहादुर घलान, गाउँपालिकाको शिक्षा शाखा प्रमुख रामबहादुर घलान गाउँ खेलकुद विकास समिति अध्यक्ष हीरालाल स्याङ्तान, बासुदेव टोल विकास संस्थाका अध्यक्ष चन्द्र बञ्जारा लगायतको आतिथ्यता थियो ।



प्रतियोगिताअन्तर्गत् आज सोमबार क्वाटरफाइनल चरणका ४ वटा खेल हुनेछन् । सेमिफाइनल प्रवेशका लागि ३ नम्बर वडाविरुद्ध सनराइज क्लब 'ए', ८ नम्बर वडाविरुद्ध आमभञ्ज्याङ युवा क्लब, जुनतारा क्लबविरुद्ध ७ नम्बर वडा र नागरिक सचेतविरुद्ध नवजागृत क्लब भिड्ने आयोजकले जानकारी दिएको छ । तालिकाअनुसार खेल सञ्चालन भएमा प्रतियोगिताको सेमिफाइनल खेल आज सोमबार नै गर्ने तयारी आयोजकको छ ।

प्रतियोगिताको विजेता, उपविजेतालाई क्रमश: ३० र २० हजार, तृतीय हुने टिमलाई १० हजार पुरस्कार रहेको छ । उत्कृष्ट खेलाडीलाई प्रोत्साहन पुरस्कार रहेको सचिव सिलवालले बताए ।

# दुई स्थानमा भएको सवारी दुर्घटनामा ६ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ हेटौंडा उपमहानगरको दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परेर ६ जना घाइते भएका छन् ।

हेटौंडा-८ र हेटौंडा-४ भएको छुट्टाछुट्टै दुर्घटनामा परेर ६ जना घाइते भएको मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । ८ नम्बर वडाको कर्रा पुलनजिकै आइतबार दिउँसो भएको सवारी दुर्घटनामा परेर तीन जना घाइते भए । रातोमाटेबाट हेटौंडातर्फ आउँदै गरेको ना. ४४ प ८९२० नम्वरको मोटरसाइकल र विपरित दिशातर्फ जाँदै गरेको ना. १ ह ९३८९ नम्बरको अटो एक आपसमा ठक्कर खाएको थियो । मोटरसाइकल उच्छिटिँदा हेटौंडाबाट रातोमाटेतर्फ जाँदै गरेको साईकल यात्री समेतलाई ठक्कर दिई दुर्घटना हुँदा तीन जना घाइते भएको मकवानपुर प्रहरीले जनाएको छ ।

घाइते हुनेमा मोटर साइकल चालक हेटौंडा-१ चौकीटोल बस्ने अन्दाजी २२ वर्षीय महेश लामा, मोटरसाइकलमा पछाडी सवार हेटौंडा-९ पशुपतिनगर बस्ने २६ वर्षीय गोविन्द श्रेष्ठ र साईकल यात्री हेटौंडा-८ मैदाटोल बस्ने अन्दाजी ७० वर्षीय तिलकबहादुर बुढाथोकी रहेका छन् । घाइतेमध्ये मोटर साइकल चालक महेशको हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारको लागि सहकारी अस्पताल लगिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक भण्डारीले बताए । अन्य घाइतेहरुको भने हेटौंडा अस्पतालमा नै उपचार भइरहेको छ । प्रहरीले अटो चालक हेटौंडा-८, कमाने बस्ने ५० वर्षीय राममणि घिमिरेलाई नियन्त्रणमा लिएको छ ।

यसैगरी, आइतबार नै हेटौंडा-८ गौरीचोकमा भएको सवारी दुर्घटनामा परेर तीन जना घाइते भएका थिए । कमानेबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना. २१ प ९६४६ नम्बरको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिई दुर्घटना हुँदा तीन जना घाइते भएको मकवानपुर प्रहरी नायव उपरीक्षक भण्डारीले बताए ।

घाइते हुनेमा पैदलयात्री सोही ठाउँ बस्ने अन्दाजी १९ वर्षीया रेखा, मोटरसाइकल चालक हेटौंडा-१७ हटिया बस्ने १८ वर्षीय हिमाल भुजेल र मोटरसाइकलमा सवार हेटौंडा-७ नागस्वति बस्ने २२ वर्षीया गोमा तिमल्सिना छन् । घाइते तीनै जनाको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरी नायव उपरीक्षक भण्डारीले बताए ।

# बागमती प्रदेशस्तरीय भलिबलमा थाहा उपबिजेता



साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ दोलखाको जिरीमा भएको बागमती प्रदेश स्तरीयअन्तरपालिका भलिवल च्याम्पियनसिप प्रतियोगितामा थाहा नगरपालिका उपविजेता बनेको छ ।

प्रतियोगिताको फाइनल खेलमा थाहा नगरलाई भरतपुर महानगरपालिकाले पराजित गरेको छ । शनिबार हुने भनिएको फाइनल खेल वर्षाका कारण स्थगित भइको थियो । आइतबार भएको फाइनल खेलमा उत्कृष्ट प्रदर्शनका बावजुद थाहा नगरपालिका उपबिजेतामै सीमित भएको थाहा नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेले जानकारी दिए । खेलाडीको हौसला बढाउनका निम्त फाइनल खेल हेर्न थाहाका नगर प्रमुख विष्णुबहादुर विष्ट र उपप्रमुख भरत गोपाली जिरीमै पुगेका थिए ।

थाहा नगरपालिकाको खेलको उच्च प्रशंसा गर्दै जिरीमै रहेका थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले थाहा नगरपालिका खेलकुदमा पनि अब्बल रहेको बताए । उपप्रमुख भरत गोपालीले थाहा नगरपालिकाले भलिवलमा बागमती प्रदेशको दोस्रो स्थान हासिल गर्नु प्रतिष्ठाको विषय बनेको बताए । थाहा नगरपालिकाले उपविजेता हुँदै १ लाख एक हजार नगद पुरस्कार पाएको छ । भरतपुर महानगरपालिकाले विजेता बनेर २ लाख पुरस्कार, शिल्ड, मेडल हात पारेको छ ।

# ग्यासको टंयाकीमा बसेर चुरोट सल्काएपछि...

हेटौंडा, १९ कात्तिक/ हेटौंडामा आइतबार दिउँसो गोबर ग्यासको टंयाकी बसेर चुरोट सल्काएपछि आगलागी हुँदा एक युवक घाइते भएका छन् ।

गोबर ग्यासभित्र चुरोट सल्काउन ज्वलनशील पदार्थ लाइटर कोरेपछि एक्कासी आगो लागेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । हेटौंडा उपमहानगरपालिका-६, हात्तिलेट बस्ने २६ वर्षीय समित राई आगलागीबाट घाइते भएका छन् । प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले दिउँसो १ बजेर ५ मिनेटको समयमा राई छिमेकीको गोबर ग्यासको टंयाकी सफा गर्ने क्रममा टंयाकीभित्र पसेका थिए ।

राइले उनले गोबर ग्यासभित्रै बसेर आफैं चुरोट सल्काउन खोज्दा अचानक शरिरमा आगोलागी हुँदा शरिरको विभिन्न भाग जलेर घाइते भएको प्रहरी नायव उपरीक्षक भण्डारीले बताए । घाइते उनलाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको थियो । उनको हेटौंडा अस्पताल उपचार सम्भव नभएपछि थप उपचारको लागि काठमाडौंस्थित वीर अस्पतालमा रिफर गरिएको प्रहरी नायव उपरीक्षक भण्डारीले बताए ।

# टीभीएस च्याम्पियन्स एक्सचेन्ज मेला आजबाट

हेटौंडा, १९ कात्तिक/ जगदम्बा मोटर्सको आधिकारिक बिक्रेता हेटौंडा अटो मार्टले बाइपास रोड नजिक टिभिएसको 'च्याम्पियन्स एक्सचेन्ज' मेला गर्ने भएको छ ।

आज सोमबारदेखि कात्तिक २५ गते शनिवारसम्म सञ्चालन हुने टिभिएसको आधिकारिक बिक्रेता हेटौंडा अटो मार्टका सञ्चालक प्रवेशराज बरुवालले जानकारी दिए । दशैं तिहारलगायत विभिन्न चाडपर्वको अवसरमा टिभिएसले ल्याएको 'हर मोडमा उमंग'अफर अन्तर्गतका छुटहरुसहित अन्य विशेष सुविधा एक्सचेन्ज मेलामा ग्राहकले प्राप्त गर्ने मार्टका अर्का संचालक कञ्चन बुढाथोकीले बताए ।

उनका अनुसार पुराना जुनसुकै मोटरसाईकल तथा स्कुटर एक्सचेन्ज गरी नयाँ टिभिएस मोटर साइकल तथा स्कुटर विशेष छुटमा खरिद गर्ने अवसर ग्राहकलाई मिल्नेछ । टिभिएसका मोटरसाईकल तथा स्कुटर खरिदमा ग्राहकले १० लाख रुपैयाँसम्म जित्ने मौका प्राप्त गर्न सक्नेछन । यस योजनाअन्तर्गत नकिन्दै एक लाख जित्ने मौका र खरिद गरेपछि दस लाख रुपैयाँसम्म जित्ने मौका छ । हरेक महिना १०० प्रतिशत क्यास ब्याक जित्ने अवसरका साथ एक भाग्यशाली विजेताले बम्परमा १० लाखसम्म जित्ने अवसर पनि रहेको कम्पनीले जनाएको छ ।

यसैगरी, कम्पनीले मोटर साईकल तथा स्कुटर एक्सचेन्जमा १० हजारसम्म थप मूल्यांकन तथा शुन्य प्रतिशत ब्याजदर र २५ प्रतिशत डाउनपेमेन्टमा मोटरसाईकल तथा स्कुटर खरिद गर्नसक्नेछन । नेपालका लागि टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले आकर्षक अफरहरुसहित च्याम्पियन्स एक्सचेन्ज अफरको घोषणा गरेसँगै टिभिएसका मोटरसाईकल तथा स्कुटरको ईन्जिनमा लाईफटाईम वारेन्टीको व्यवस्था गरेको हेटौंडा अटो मोटर्सले जनाएको छ ।

# अनलाइन ठगीको आरोपमा हेटौंडाका श्रेष्ठ पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ अनलाइनमार्फत् हुने डिजिटल ठगीको आरोपमा प्रहरीले हेटौंडा एक युवकलाई काठमाडौंबाट पक्राउ गरेको छ ।



सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम आइडीमार्फत् १९ लाख २५ हजार रुपैयाँ ठगी गर्ने हेटौंडाका २३ वर्षीय शिरीष श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता रवीन्द्र रेग्मीका अनुसार श्रेष्ठले विभिन्न अनलाइन आइडीबाट साथी बनाइ माया प्रेमको प्रपञ्चमा पारी मिलियन डलर, आइफोन, घडी, गरगहना, ल्यापटपलगायतका सामानहरु गिफ्ट पठाएको फोटो, भिडियो पठाइ विभिन्न देशका भन्सार कार्यालयहरुमा सामान आइपुगेको भन्दै रकम लिने गरेको आरोप श्रेष्ठमाथि छ ।

यस्तै, विविध प्रयोजनमा उनले विभिन्न व्यक्तिहरुको नाममा रहेको बैंक खातामा १९ लाख २५ हजार रुपैयाँ रकम पठाउन लगाई स्थायी घर हेटौंडा उपमहानगर पालिका-१५ भई हाल काठमाडौं बस्दै आएका श्रेष्ठलाई अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर, टेकुको हिरासतमा राखिएको छ ।

# नाबालकलाई ठक्कर दिएर मोटरसाइकल फरार

हेटौंडा, १९ कात्तिक/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालि-९, स्थित ज्यामिरेमा नाबालक्लाई मोटरसाइक्लले ठक्कर दिएको छ ।

ज्यामिरेमा ५ वर्षीया नाबालकलाई ठक्कर दिएर मोटर साइक्ल फरार भएको हो । पूर्व-पश्चिम सडकखण्डअन्तर्गत् चितवनबाट हेटौंडातर्फ आउँदै गरेको भे ८ प ६७८५ नम्बरको मोटरसाइक्लले पैदलयात्री नाबालकलाई ठक्कर दिएर भागेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । बालकको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । ठक्कर दिने मोटरसाइक्लको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# इन्द्रसरोबरमा दिपवाली कप फुटबल

हेटौंडा, १९ कात्तिक/ मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा आइतबारबाट दिपवाली कप फुटबल प्रतियोगिता सुरु भएको छ ।

उद्घाटन खेलमा लालिमा युवा क्लब विजयी भएको छ । सेतिदेवी पाहुना टिमलाई १ गोलले पछि पार्दै लालिमाले जीत निकाल्यो । दोस्रो खेलमा लिटल स्टारले ३ गोल गर्दै स्मल स्टारलाई पराजित गरेको छ । प्रतियोगितामा १४ टिमको सहभागिता रहेको छ ।

# लेडी जेसीज सप्ताह समापन

हेटौंडा, १९ कात्तिक/ हेटौंडा लेडी जेसीजको सप्ताहव्यापी कार्यक्रम शनिबार समापन भएको छ । कात्तिक १५ गतेबाट विविध कार्यक्रमसहित सुरु भएको जेसीज सप्ताह शनिबार समापन भएको हो ।

हेटौंडा लेडी जेसीज वर्ष २०२३ का अध्यक्ष डिलमाया घर्तीको सभाध्यक्षमा तथा बागमती प्रदेशका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा जेसीज सप्ताह समापन तथा पुरस्कार वितरण कार्यक्रम भएको हो । कार्यक्रममा जेसीजले जेसीज सप्ताहअन्तर्गत् ८ वटा कार्यक्रममा सहभागी तथा विजेता बनेकालाई पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रमको समापन पुरस्कार वितरण तथा समापान संयोजक इन्दिरा बानियाँले गरेकी थिइन् । समापान तथा पुरस्कार वितरण कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, हेटौंडा-१५ नम्बर वडा अध्यक्ष सुनील मोक्तान, ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापा, गायतको उपस्थिती रहेको थियो ।


## मकवानपुर उद्योग वाणिज्य संघको
## पसल कवल खाली रहेको सूचना

यस संघको स्वामित्वमा रहेको पल्पसा सदन परिसरको पसल कवलहरु मध्ये ३ र ४ नं. पसल कवल खाली रहेकाले संघको नियमानुसार व्यवसाय गर्न ईच्छुक व्यक्ति वा फर्मले मिति २०८० मंसिर ४ गते दिउँसो २:०० बजेभित्र रु. १००।- (अक्षरेपि रु. एकसय मात्र) को फारम खरिद गरी दिउँसो ३:०० बजेभित्र संघमा पेश गर्न सूचित गरिन्छ । फारम पेश गरेकाहरु मध्ये गोलाप्रथाबाट नाम छनौट भएकाले पसल कवल प्रयोग गर्न पाउनेछन् ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
**हेटौंडा, मकवानपुर**
सम्पर्क नं.: ०५७५२०३१०/५२३३१०, ९८५५०७०११०



## जय शिव शम्भो
## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**


## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सूचना सूचना सूचना

देशैभरि हाल डेंगु रोगको प्रकोप फैलिएर माहामारीको रुप लिएको छ । सरुवा रोग तथा माहामारी नियन्त्रण माहाशाखा, स्वास्थ्य सेवा विभागका अनुसार यस रोगसम्बन्धी सामन्य जानकारी एवम् यसबाट बच्ने तरिका तपशिलबमोजिम रहेको सम्पूर्णमा जानकारीसहित तल उल्लेखित रोकथामको उपायहरु अपनाई सुरक्षित एवम् सर्तक रहनुहुन अनुरोध छ ।

☞ डेंगु रोगको सामान्य परिचय: यो डेंगु भाइरसबाट लाग्ने एक किसिमको कडा संक्रामक रोग हो । यो एडिस एजिप्ति भन्ने प्रजातिको लामखुट्टेको टोकाइबाट सर्दछ । यो प्राय: सफा पानीमा बस्दछ ।

☞ डेंगो रोगको केही प्रमुख लक्षणहरु: एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मांशपेशी/जोर्नीहरु दुख्ने, वाकवाकी लाग्ने वा वान्ता हुने र आफ्नो दैनिकी खानपान वा रुची नलाग्ने इत्यादि ।

*(माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस्)*

**डेंगु रोगबाट बच्ने/रोकथामका उपायहरु:-**

- पूरा बाहुला भएको लुगा लगाउने ।
- झुलभित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने झुल लगाउने ।
- घर, कार्यालय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने ।
- खाल्डा खुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तिमा हप्तामा एकपटक फेर्ने ।
- पानी जम्मा गर्ने भाँडोलाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने ।

**तसर्थ, लामखुट्टेको टोकाईबाट बच्नु नै, डेंगुबाट बच्ने एकमात्र उपाय हो**

(ध्यानाकर्षण: मकवानपुर जिल्ला एवम् यस हेटौंडा उपमहानगरपालिकाअन्तर्गत्का क्षेत्रहरु पनि डेंगु महामारीको उच्च जोखिममा रहेको छ ।)

## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता घुम्ती शिविर सन्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल:-**

१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च :-**

माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिध्र जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरुमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने ५ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना